# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०३) पोखरा, असार २६ गते, २०७७ साल (अतिरिक्ताङ्क ०५

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको ऐन नं. ४

## आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन संवत् २०७७ साल साउन १ गते देखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७७/७८ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रू.३४,८३,१७,५६,०००/- (अक्षेरूपी चौतीस अरब त्रियासी करोड सत्र लाख छपन्न हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान सङ्ख्यामा अपुग हुने देखिन आएमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एकभन्दा बढी

अनुदानमा रकम सार्न र निकासा तथा खर्च जनाउन र चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्ख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) स्थानीय तहका लागि अनुदान सङ्ख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्ख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान सङ्ख्या ५०१ देखि ६०२ मा विनियोजन भएको रकम जुन अनुदान सङ्ख्यामा निकासा र खर्च हुने हो सोही अनुदान सङ्ख्यामा रकम सार्न र निकासा तथा खर्च जनाउन भने बाधा पर्ने छैन।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरणः</u> (१) अनुदान सङ्ख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भदौ २५ गते, कार्तिक २५ गते, माघ २५ गते र बैशाख २५ गते गरी चार किस्तामा दाखिल गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा र संघीय सरकारवाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँट

रकम कम प्राप्त भएमा गण्डकी प्रदेश सरकारले उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम पुनः निर्धारण गरी गण्डकी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ।

(४) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १५ गते, माघ १५ गते, बैशाख १५ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (३) बमोजिम गण्डकी प्रदेश सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा गण्डकी प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिल गरिने छैन।

(६) सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश लेखा ईकाइ कार्यालय मार्फत आगामी आर्थिक वर्षको असोज मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम अनुदानको रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने जुनसुकै अनुदान रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

५. **योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐन बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगत तर्फको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको पूर्व सहमति लिई माघ मसान्तभित्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले त्यस्तो कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्नेछ।

तर प्रशासनिक खर्च तथा चालु तर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई कुनै पनि रकम उपलब्ध गराउन पाइने छैन।

(२) यस ऐन बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम कुनै स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई माघ मसान्तभित्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी महालेखा परीक्षकको कार्यालय, नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(४) यस ऐन बमोजिम स्वीकृत योजना तथा कार्यक्रम बाहेक कुनै थप योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा यस ऐनद्वारा विनियोजित बजेटको परिधिभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी स्वीकृति दिन सक्नेछ।

६. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण:** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनुपर्नेछ।

७. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही

खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले बिक्रम संवत् २०७७ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

तर कुनै मनासिव कारण बिक्रम सम्वत् २०७७ साल असोजभित्र विनियोजन भएको निकायको प्रमुखले बाँडफाँट गर्न नसकेमा सो को कारण खुलाई बाँडफाँटको लागि अनुरोध गरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बिक्रम सम्वत् २०७७ साल कात्तिक मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ।

आर्थिक वर्ष प्रारम्भ भएपछि संघीय सरकारबाट प्राप्त भएको कुनै पनि कार्यक्रम र बजेटको हकमा प्राप्त भएको मितिले पन्ध्र दिन भित्र बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी स्वीकृतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइसक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनलाई संशोधन गर्न बाधा पुगेको मानिने छैन।

(८) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी गण्डकी प्रदेश सरकारको स्रोततर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७५ को दफा १७ को उपदफा (२) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० को उपनियम (३) को अधीनमा रही जुन खर्च शीर्षकमा थप रकमान्तर गरिने हो सो खर्च शीर्षकमा शुरू विनियोजित रकमको २५ प्रतिशतसम्मको रकमान्तर गर्न सक्नेछ।

(९) उपदफा (७) र (८) बमोजिमको संशोधन र रकमान्तर सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ।

(१०) उपदफा (७) र (८) बमोजिम संशोधन तथा रकमान्तर भएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

८. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनले व्यवस्था गरेका समिति, कार्यदल, परिषद्को न्यूनतम रुपमा बस्नु पर्ने गरी तोकिएका बैठकमा मात्र बैठक भत्ता खर्च लेख्न पाइनेछ। यस्ता प्रकृतिका समिति, कार्यदल, परिषद्को न्यूनतम तोकिए भन्दा थप बैठक बस्नु पर्ने देखिएमा आवश्यकता र औचित्य खुलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर बैठक बस्न र बैठकको खर्च लेख्न सकिनेछ।

(२) सवारी साधन खरिद, तालिम तथा गोष्ठी, सूचना प्रणाली तथा सफ्टवेयर खरिद, घर भाडा, निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार, खाना तथा खाजा खर्च, जोखिम भत्ता लगायतका सबै प्रकारका अन्य भत्ता आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर मात्र कार्यान्वयन गर्नु पर्नेछ।

९. **कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न गण्डकी प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले मार्गदर्शन बनाउन सक्नेछ।

१०. **आदेश जारी गर्न सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा गण्डकी प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

# अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**<u>गण्डकी प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम</u>**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. स. | प्रदेश अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश सभा | ३७०४ | ० | |
| २ | ५०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ५००० | | |
| ३ | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय- फैसला वा आदेश बमोजिम तिर्नुपर्ने रकम | १७०० | ० | |
| | | **जम्मा** | १०४०४ | ० | |

# अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

## गण्डकी प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र. स.** | **अनुदान सङ्ख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश सभा | १०९६५० | ८९०० | ०० | ११८५५० |
| २ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १३७२९ | ७००० | ०० | २०७२९ |
| ३ | २१० | प्रदेश लोक सेवा आयोग | ७८५०३ | ११००० | | ८९५०३ |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १५८७२४९ | ८९९१६५ | ०० | २४८६४१४ |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १८१९७५ | ९९०० | ०० | १९१८७५ |
| ६ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १२६७९६३ | ५७३८०५ | ०० | १८४१७६८ |
| ७ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २६७६४०० | ४८४६०० | ०० | ३१६१००० |
| ८ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ११२८०० | ४७७२०० | ०० | ५९०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७२०५५८ | १३७४९१७६ | ०० | १४४६९७३४ |
| १० | ३५० | सामाजिक विकास मन्त्रालय | ३१४३१०१ | १५३७४७५ | ०० | ४६८०५७६ |
| ११ | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ३१०५० | ११५०० | ०० | ४२५५० |
| १२ | ५०१ | वित्तीय व्यवस्था | ० | ० | ५००००० | ५००००० |
| १३ | ६०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय- कर्मचारी सुविधा | ३३०० | ०० | ०० | ३३०० |
| १४ | ६०२ | अर्थ-विविध | २२७५००० | २२२९७५५ | ०० | ४५०४७५५ |
| १५ | ८०१ | स्थानीय तह | २१३१००२ | ०० | ०० | २१३१००२ |
| | | **जम्मा** | १४३३२२८० | १९९९९४७६ | ५००००० | ३४८३१७५६ |

प्रमाणीकरण मितिः २०७७/०३/२६

**आज्ञाले,**

**किरणराज शर्मा**

**प्रदेश सरकारको सचिव**

# भाग १

## प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको ऐन नं. ५

**प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, कर लगाउन तथा राजस्व सङ्कलन र राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ।

(२) यो ऐन संवत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशभित्र घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम घर जग्गा लगायत रजिष्ट्रेशन शुल्क संकलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

तर, सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क उठाउने कार्यको व्यवस्थापन नभएसम्मका लागि साविक बमोजिम नै मालपोत कार्यालयले उक्त शुल्कहरू संकलन गरी बाँडफाँट गर्नेछन्।

३. **सवारी साधन करः** (१) प्रदेशभित्र सवारी साधन कर, सवारी साधन दर्ता प्रमाण पत्र नवीकरण दस्तुर, सवारी जाँचपास प्रमाण पत्र दस्तुर, सवारी दर्ता र सरुवा दस्तुर, सवारीको अस्थायी दर्ता दस्तुर, विदेशमा दर्ता भएका सवारी चलाउने अनुमति पत्र दस्तुर, सवारीको नामसारी दस्तुर, सेवाको नाम पञ्जीकरण दस्तुर, प्रशिक्षण केन्द्र,

कारखाना तथा वर्कसप, शोरुम तथा रिकन्डिसन हाउस संचालन अनुमति पत्र दस्तुर तथा नवीकरण, सवारी चालक आवेदन दस्तुर, सवारी चालक अनुमति पत्र दस्तुर, नवीकरण दस्तुर, यातायात सेवा संचालन गर्ने अनुमति पत्रको नवीकरण दस्तुर, बाटो इजाजत पत्र दस्तुर तथा आवेदन शुल्कलाई अनुसूची-२ बमोजिम लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा (ई—रिक्सा) मा गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाई असुल उपर गर्नेछ।

(३) उपदफा (१) बमोजिमको कर, दस्तुर तथा शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

४. **मनोरञ्जन करः** (१) प्रदेशभित्र सञ्चालित चलचित्र घर, व्यापारिक तथा व्यवसायिक प्रकृतिका मेला-महोत्सव र कन्सर्टमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको करको प्रशासन र बाँडफाँट गाउँपालिका वा नगरपालिकाले प्रदेश कानून बमोजिम गर्नेछ।

५. **विज्ञापन करः** प्रदेशभित्र विज्ञापन सामाग्री राखे वापतको विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने, असुल उपर गर्ने र प्रदेश कानून बमोजिम बाँडफाँट गर्नेछ।

६. **कृषि आयमा करः** (१) प्रदेशभित्र कृषि उपजको बिक्रीबाट प्राप्त हुने आयमा अनुसूची-४ बमोजिम कर लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको करको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्रले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नेछन्।

७. **पर्यटन शुल्कः** (१) नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेश सरकारले तोकेका प्रदेश अन्तर्गतका 'वनक्षेत्र' भित्र पर्ने पर्यटन स्थल, पर्यटकीय पदमार्ग, पर्यटकीय हवाई चार्टर्ड उडान, ताल तलैया, गुफा, धार्मिक स्थल तथा प्रदेश भित्रका पुरातात्विक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक स्थल, संग्रहालय, पार्क, रक क्लाइम्बिङ, बन्जी जम्पिङ, र्‍याफ्टिङ, क्यानोनिङ, जीप फ्लाएर, अल्ट्रालाइट, प्यारा

ग्लाइडिङ, केबुलकार, पिकनिक स्थल, भ्यू टावर, पर्यटकीय होटल तथा रेष्टुरा, साउना तथा स्पा, मसाज सेण्टर, जिमखाना, डान्स बार, क्यासिनो, ट्रेकिङ्ग तथा ट्राभल एजेन्सी, क्यूरियो तथा पर्यटकीय सामाग्री बिक्री वितरण गर्ने व्यवसाय जस्ता पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा अनुसूची-५ बमोजिम पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतकको पर्यटन कार्यालयले र पर्यटन कार्यालय नभएका जिल्लामा डिभिजन वन कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नेछन्।

८. **प्राकृतिक स्रोत शुल्कः** (१) प्रदेश अन्तर्गतका 'वनक्षेत्र' का रोडा, गेग्रान, स्लेट ढुङ्गा, चट्टान ढुङ्गा, गिटी ढुङ्गा, कटिङ्ग ढुङ्गा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुङ्गा, नदी तथा खोलाले बगाएर ल्याएको काठ, कुकाठ र दाउरा-जराजुरी जस्ता दहत्तर-बहत्तरका साथै खानी तथा नदीजन्य पदार्थ उत्खनन र सङ्कलनमा अनुसूची-६ बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ।

(२) प्रदेशभित्रका निजी जग्गामा रहेका रोडा, गेग्रान, स्लेट ढुङ्गा, चट्टान ढुङ्गा, गिटी ढुङ्गा, कटिङ्ग ढुङ्गा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुङ्गा जस्ता खानीजन्य पदार्थको उत्खनन र संकलनमा अनुसूची-६ बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको शुल्क उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतकका डिभिजन वन कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नेछन्।

९. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दस्तुर, शुल्क, महशुल र करको दर बढाइएको, घटाइएको वा कुनै कर र शुल्क आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दर बढाइएको, घटाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महशुल र कर रकम असुल गरी सो रकम बराबर जरिवाना गरिनेछ।

१०. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र सुव्यवस्थामा गम्भीर खलल पुगेमा वा सार्वजनिक आवागमनमा अवरोध भएमा वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

११. **प्रचलित कानूनको व्यवस्था कायम रहनेः** (१) यस ऐनमा व्यवस्था भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम विभिन्न निकायबाट सेवा प्रदान गर्दा उठाइएका दस्तुर, शुल्क, महशुल र कर अर्को कानूनी व्यवस्था नभएसम्म प्रचलित कानूनमा तोकिएको दरमा यथावत रुपमा असुल गरिनेछ।

(२) राजस्व दाखिल गर्ने सम्बन्धी अन्य व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ।

१२. **कर तथा गैरकर राजस्व सम्बन्धी ऐन,२०७५ मा संशोधनः** (१) दफा १३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ-

कृषि आयमा कर कृषि उपजको बिक्री गरेको वखत लगाइनेछ।

(२) दफा १३ को उपदफा (२) को स्पष्टीकरण को सट्टा देहायको स्पष्टीकरण राखिएको छ —

यस दफाको प्रयोजनको लागि 'कृषि उपज' भन्नाले धान, गहुँ, कोदो, फापर, मकै, फलफूल, तरकारी, आलु, अण्डा, मासु, माछा, दुध, दलहन, तेलहन, मसला

जस्ता खाद्य वस्तु र प्रारम्भिक प्रशोधन तथा प्याकेजिङ भएको खाद्यवस्तु समेतलाई सम्झनु पर्छ।

(३) दफा १४ उपदफा (१) को सट्टा देहायको उपदफा राखिएको छः-

प्रदेश सरकारले तोकेका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत सञ्चालन, व्यवस्थापन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।

(४) दफा १४ को उपदफा (२) र (३) खारेज गरिएको छ।

१३. **कोभिड-१९ बाट प्रभावित कारोवारमा छुट सहुलियत सम्बन्धी विशेष व्यवस्थाः** (१) लकडाउनको अवधिभित्र दफा ३ को सवारी साधन कर अन्तर्गत उपदफा (१) बमोजिम लाग्ने वा तिर्नुपर्ने कर, दस्तुर तथा शुल्क तिर्न नपाएका कारण जरिवाना लाग्ने भएमा लकडाउन खुलेको ६० दिनभित्र तिर्न आएमा कुनै पनि जरिवाना वा अतिरिक्त शुल्क लाग्ने छैन।

(२) उपदफा (१) मा उल्लिखित छुट सहुलियत वाहेक लकडाउनको अवधिभित्र यस ऐन वमोजिम लाग्ने अन्य कुनै कर, दस्तुर र शुल्क तिर्न नपाएका कारण जरिवाना लाग्ने भएमा कार्यालय खुलेको ६० दिनभित्र तिर्न आएमा कुनै पनि जरिवाना वा अतिरिक्त शुल्क लाग्ने छैन।

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

## घर जग्गा लगायतको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

### क. घर जग्गा लगायतका रजिष्ट्रेशन शुल्क र घरजग्गा रोक्का शुल्क

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर पालिका | नगर पालिका | गाउँ पालिका |
| १ | राजीनामा, सट्टापट्टा, सगोलनामा र छोडपत्रको लिखतः- | | | |
| | (क) राजीनामा, सट्टापट्टा, सगोलनामा र छोडपत्र (हस्तान्तरण गरिने जग्गाको थैली अङ्कमा मात्र) | ५% | ४% | २% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमामा | ४% | २% | १% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा | ५% | ४% | २% |
| २. | **दर्ताफारीः**– दुई वा दुई जना भन्दा बढी संयुक्त दर्तावालाहरूका नाममा संयुक्त दर्ता कायम भएको जग्गा दर्ताफारी गर्दा हक हस्तान्तरण हुने भाग हिस्साको मात्र राजस्व लाग्नेछ तर अन्तिम पटक दर्ताफारी गर्दा बाँकी रहेको पुरै जग्गाको राजस्व लाग्नेछ। | ३% | २% | १.५% |

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर पालिका | नगर पालिका | गाउँ पालिका |
| ३. | <u>हालै देखिको वकसपत्रको लिखत</u><br>हालैदेखिको वकसपत्रको लिखतको थैल अङ्कमामा<br>(क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, काका, काकी, ठूलो–बुवा, ठूली आमा (बावु तर्फका) आमाजू, नन्द, सौता–सौता र एकै दाजु भाईको छोरा, छोरी बीच। | | | |
| | (अ) रू.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | ०.५% |
| | (आ) रू.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा<br><u>स्पष्टीकरणः</u><br>सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यालय, तीन तहकै सरकारको नाममा प्राप्त हुने जुनसुकै प्रकारको लिखतमा कुनै शुल्क लाग्ने छैन। | १५% | १५% | १०% |
| ४. | <u>अंशवण्डा तथा अंश भर्पाईको लिखत</u><br>अंशवण्डा तथा अंश भर्पाईको लिखतमा | | | |

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (क) रू.३० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% | ०.२% |
| | (ख) रू.३० लाख भन्दा वढी रू.२ करोड सम्मको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% |
| | (ग) रू.२ करोड भन्दा माथिको थैली अङ्कमा | १% | १% | १% |
| ५. | <u>मानो छुट्टिएको र मानो जोडिएको लिखत</u> | | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | रू.१५,०००।- | रू.१०,०००।- | रू.५,०००।- |
| | (ख) मानो जोडिएको प्रति लिखत | रू.३०,०००।- | रू.२०,०००।- | रू.१०,०००।- |
| ६. | <u>शेषपछिको वकसपत्रको लिखत</u><br>शेषपछिको वकसपत्र/ अष्टलोहको प्रति लिखत | | | |
| | (क) तीन पुस्ताभित्रको | रू.७,०००।- | रू.५,०००।- | रू.२,०००।- |
| | (ख) तीन पुस्ताबाहिरको | रू.१२,०००।- | रू.७,०००।- | रू.४,०००।- |
| ७. | <u>बन्धकीको लिखत</u><br>दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अङ्कमामा | १% | १% | १% |
| ८. | <u>अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत</u><br>अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | रू.२,०००।- | रू.२,०००।- | रू.२,०००।- |
| ९. | <u>कपाली तमसुक र करारनामाको लिखत</u><br>दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% |
| १०. | <u>गुठी स्थापना (गुठी दर्ता) लिखत</u><br>गुठी स्थापना (गुठी दर्ता) लिखत | रू.१,५००।- | रू.१,०००।- | रू.५००।- |

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| ११. | **घरबहाल लिखत**<br>घरबहाल लिखत बापत पहिलो महिनाको बहाल रकमको | ५% | ४% | २% |
| १२. | **फलोपभोग लिखत**<br>फलोपभोग (युजफ्रुक्टी) | रू.१,०००।- | रू.७००।- | रू.५००।- |
| १३. | **शेषपछिको बकसपत्र लिखत** | | | |
| | (क) शेषपछिको बकसपत्र शर्त संशोधन गर्दा | रू.२,०००।- | रू.१,०००।- | रू.५००।- |
| | (ख)शेषपछिको बकसपत्र लिखत वदर वा रद्ध गर्दा | रू.५,०००।- | रू.३,०००।- | रू.२,०००।- |
| १४. | **अन्य लिखत** | | | |
| | (क) रकम खुलेकोमा | ३ % | २ % | १ % |
| | (ख) रकम नखुलेकोमा | रू.७,०००।- | रू.५,०००।- | रू.३,०००।- |
| १६. | **बेजिल्ला/बेइलाका लिखत पारित:**<br>राजीनामा, शेषपछिको बकसपत्र, छोडपत्र, हालैको बकसपत्र सम्बन्धित मालपोत कार्यालयबाट मोठ, रोक्का, भिडेको लिखित जानकारी आएपछि लाग्ने दस्तुरमा थप दस्तुर लिई बेजिल्ला/बेइलाका पारित गर्ने। | २० % | २० % | २० % |
| १७. | सि.नं. ४ को अंशवण्डा तथा अंश भर्पाईको लिखत घर जग्गा भएको जिल्ला/इलाकाको कुनै मालपोत कार्यालयबाट पारित गर्न सकिनेछ। | | | |

**ख. सेवा शुल्क:**

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १. | <u>**लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क**</u><br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्कः | | | |
| | (क) तराई क्षेत्रमा | रू.२०,०००।- | रू.१०,०००।- | रू. ५,०००।- |
| | (ख) अन्य क्षेत्रमा | रू.२०,०००।- | रू.१०,०००।- | रू. ५,०००।- |
| २. | <u>**वित्तीय धितो**</u><br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |
| | (क) रू.१ लाखसम्मको लिखतको थैली अङ्कमा | रू. १,०००।- | रू. १,०००।- | रू. १,०००।- |
| | (ख) रू.१ लाखभन्दा बढी रू.५ लाखसम्मको थैली अङ्कमा | रू. १,५००।- | रू. १,५००।- | रू. १,५००।- |
| | (ग) रू.५ लाखभन्दा बढी रू.१० लाखसम्मको थैली अङ्कमा | रू. २,५००।- | रू. २,५००।- | रू. २,५००।- |
| | (घ) रू.१० लाखभन्दा बढी रू.२० लाखसम्मको थैली अङ्कमा | रू. ३,०००।- | रू.३,०००।- | रू.३,०००।- |
| | (ङ) रू.२० लाखभन्दा बढी रू.५० लाखसम्मको थैली अङ्कमा | रू.१०,०००।- | रू.१०,०००।- | रू.१०,०००।- |

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (च) रू.५० लाखभन्दा बढी रू.१ करोडसम्मको थैली अङ्कमा | रू.३०,०००।- | रू.३०,०००।- | रू.३०,०००।- |
| | (छ) रू.१ करोडभन्दा बढी रू.२ करोडसम्मको थैली अङ्कमा | रू.४०,०००।- | रू.४०,०००।- | रू.४०,०००।- |
| | (ज) रू.२ करोडभन्दा बढी रू.५ करोडसम्मको थैली अङ्कमा | रू. ८०,०००।- | रू. ८०,०००।- | रू.८०,०००।- |
| | (झ) रू.५ करोडभन्दा बढी जतिसुकै थैली अङ्कमा | रू.१५०,०००।- | रू.१५०,०००।- | रू.१५०,०००।- |
| ३. | **लिज**<br>सरकारी जग्गा लिजमा उपलव्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ। | | |
| ४. | **जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा** | | | |
| | (क) तराई क्षेत्र | रू.१,०००।- | रू. ५००।- | रू. २००।- |
| | (ख) अन्य क्षेत्र | रू.१,०००।- | रू. ३००।- | रू. १००।- |
| | नोटः जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिंदा समेत लागु हुनेछ । | | | |
| ५. | **दाखिल खारेज शुल्क**<br>(क) करार अनुसार लिखत पारित गर्न ठहर्‍याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४% | २% |

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर पालिका | नगर पालिका | गाउँ पालिका |
| | (ख) अंश र अपुतालीको फैसला वा मिलापत्र बमोजिम दाखिल खारेज गर्दा शुल्क नलाग्ने, अन्य फैसला र मिलापत्र बमोजिम दाखिल खारेज गर्दा शुल्क लाग्ने | ३% | २% | १% |
| | (ग) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५% | ४% | २% |
| | (घ) बैंक वित्तीय संघ वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संघ वा सहकारी संस्थाले आफ्नो नाउँमा दाखिल खारेज गर्दा प्रति मिसिल | रू.७,०००।- | रू. ५,०००।- | रू. २,०००।- |
| | (ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | १% |

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर पालिका | नगर पालिका | गाउँ पालिका |
| | (१) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल | रू. ५००।- | रू. ३००।- | रू. २००।- |
| | (२) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रू.५,०००।- | रू. १,०००।- | रू. ५००।- |
| | (च) शेषपछिको बकसपत्रको दाखिल खारेज | | | |
| | (अ) तीनपुस्ता भित्रको भए | सबै क्षेत्रका लागि अंशबण्डा सरह | | |
| | (आ) तीनपुस्ता बाहिरको भए | सबै क्षेत्रका लागि राजीनामा सरह | | |
| ६. | **नामसारी** | | | |
| | (क) तीनपुस्ता भित्रको नामसारी | रू.१,५००।- | रू. १,०००।- | रू. ५००।- |
| | (ख)तीनपुस्ता भन्दा बाहिरको नामसारी | रू.३,५००।- | रू. ३,०००।- | रू. १,५००।- |
| ७. | **हाल साविकः** पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अध्यावधिक गर्दा प्रति मिसिल | रू. ४००।- | रू. २००।- | रू. १००।- |
| ८. | **घर कायमः** श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रू.२,५००।- | रू. २,०००।- | रू. ५००।- |

| सि.नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| ९. | **<u>संशोधन शुल्कः</u>** मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रू. ३००।- | रू. १००।- | रू. ५०।- |
| १०. | **<u>रोक्का शुल्क</u>** | | | |
| | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | (ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | |
| | (अ) रू.१ लाखसम्मको ऋण अङ्कमा | रू. ५००।- | रू. ३००।- | रू. २००।- |
| | (आ) रू.१ लाखभन्दा बढी रू.५ लाखसम्मको ऋण अङ्कमा | रू. ८००।- | रू. ५००।- | रू. ३००।- |
| | (इ) रू.५ लाखभन्दा बढी जतिसुकै ऋण अङ्कमामा | रू.१,०००।- | रू.७००।- | रू.५००।- |
| | (ई) ऋण अङ्क नखुलेकोमा | रू.५,०००।- | रू. ३,०००।- | रू.२,०००।- |

**ग. विविधः**

१. अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनु पर्नेछ।

२. जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छीपालन, अलैंची खेती, अदुवा खेती, जडिबुटी खेती एवं फलफूल खेती उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा ७५ प्रतिशत छुट हुनेछ। सम्बन्धित कार्य गर्ने उद्योग हो भनी सम्बन्धित स्थानीय तहको सिफारिश पत्र पेश गर्नु पर्नेछ तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ।

३. सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा ७५ प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ।

४. प्रदेशभित्र सूर्ती, चुरोट, खैनी, गुट्खा, पानपराग, प्लाष्टिक र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क २५ प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका वा महानगरपालिकाले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ।

५. (क) प्रदेशभित्र बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, नेपाल बिद्युत प्राधिकरण, नेपाल दुरसञ्चार प्राधिकरण, बैक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा बहालवाला कर्मचारीलाई सेवा शुल्क छुट हुनेछ।

(ख) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा सेवा शुल्क छुट हुनेछ।

६. सहकारी ऐन, २०७४ वमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूबीच ऋण लगानी प्रवाह गर्दा ३० लाख रूपैयाँसम्मको थैली अङ्कमा रोक्का शुल्क बाहेक सेवा शुल्क छुट हुनेछ। सो भन्दा माथिको थैली अङ्कमामा खण्ड ख. सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्नेछ।

७. जनआन्दोलन पहिलो र दोश्रो, जनयुद्ध र मधेश आन्दोलमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता–पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ।

८. अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा अधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा ३० लाखसम्मको थैली अङ्कमा यस ऐन वमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट हुनेछ।

९. (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने ३५ प्रतिशत छुट हुनेछ। देहायमा उल्लिखित हिमाली क्षेत्रका जिल्लाका सदरमुकाम बाहेकका गाउँपालिकाको हकमा ५०% छुट हुनेछ।

(अ) मनाङ र मुस्ताङ जिल्लाका सदरमुकाम रहेका गाउँपालिका बाहेक

(आ) गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका

(ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुबैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रू.१००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ।

(ग) ३०० जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा ५०% छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। यस सुविधा प्राप्त गर्नको लागि नेपाल सरकार, उद्योग विभागको सिफारिस र उद्योगको स्कीम अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

१०. भूमिहीन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ।

११. बैक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा शुल्क असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ।

१२. प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउँमा निःशुल्क रूपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा ५० प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सक्नेछ।

१३. प्रदेशभित्र यो ऐन लागू हुँदाका वखत प्रदेश वा स्थानीय तहबाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि यस अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ।

१४. सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूलाई संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभागको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रूपमा छुट हुनेछ। त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असुल उपर गरिनेछ। तर बचत तथा ऋण सहकारी संस्थाहरूले भने यो छुट पाउने छैनन्।

१५. विविधको क्रमसङ्ख्या ७, ८, ९ र १० बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ।

१६. एउटै कारोवारबाट १० लाख रूपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नु पर्नेछ।

१७. पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ।

१८. तीनपुस्ताभित्र छोरा छोरी र दुबैपट्टिका नाती नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसङ्ख्या २ मा उल्लिखित दर्ताफारीको दररेटको आधा शुल्क लाग्नेछ।

१९. नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतको अन्य निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन।

२०. कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश वा स्थानीय सरकारको कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार वा सरकारको कुनै पनि निकायले खरीद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन।

२१. महानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अङ्कको ०.५ प्रतिशत थप शुल्क असुल गरिनेछ। यस्तो रकम नगरपालिकाहरूले छुट्टै कोष खडा गरी ढल प्रशोधन, स्वच्छ खानेपानी, वृक्षरोपण र पर्यावरण सुधार लगायतका सहरी पूर्वाधार र सौन्दर्य विकासमा मात्र खर्च गर्न पर्नेछ।

२२. मालपोत कार्यालयले संकलन गरेको घरजग्गा रजिष्ट्रेशनबाट संकलन गरेको राजस्व मध्ये ६० प्रतिशत सम्बन्धित स्थानीय तहको खातामा र ४० प्रतिशत प्रदेश संचित कोषमा दाखिल गर्नुपर्नेछ। पुँजीगत लाभ कर र पूर्वाधार विकास कोष बाहेक अन्य शीर्षकबाट संकलन भएको रकम प्रदेश सञ्चित कोषमा दाखिल गर्नुपर्नेछ।

२३. विविध खण्ड (ग) सि नं २, ३, ४ बमोजिमका लिखत पारित गर्दा राजस्व छुट लिने प्रयोजनका लागि उद्योग/व्यवसाय/आयोजना दर्ताको प्रमाण पत्रका साथै कृषि र पशुपालन उद्योग/व्यवसाय/आयोजना सम्बन्धीको हकमा सम्बन्धित स्थानीय तहको सिफारिश र अन्य उद्योग/व्यवसाय/आयोजनाको हकमा सेवा सञ्चालन गर्ने सम्बन्धित प्रदेश मन्त्रालयको सहमति पेश गर्नु पर्नेछ। सि.नं. ९ (ग) अन्तर्गतको लिखत पारित गर्दा उद्योग/व्यवसाय/आयोजना दर्ताको प्रमाण पत्र, सम्बन्धित स्थानीय तहको सिफारिश र कार्ययोजनाका आधारमा छुट दिइनेछ।

# अनुसूची – २

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर, सवारी चालक अनुमतिपत्र, बाटो इजाजत पत्र दस्तुर तथा आवेदन दस्तुर

### क. सवारी साधन कर

| | |
|---|---|
| **१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जीप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर (रू.)** |
| (अ) १००० सी.सी. सम्म | २०,०००/– |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | २२,०००/– |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | २४,०००/– |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | ३३,५००/– |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | ३९,०००/– |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | ५५,५००/– |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | ३६,५००/– |
| (आ) मिनीटिपर | २६,५००/– |
| **(ग) थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर** | |
| (अ) थ्री ह्वीलर र टेम्पो | ५,२००/– |
| (आ) ट्रेक्टर | ४,२००/– |
| (ई) पावर टिलर | ३,२००/– |
| **(घ) मिनिट्रक/मिनिबस** | २३,०००/– |
| **(ङ) ट्रक र बस** | ३३,५००/– |

| | |
|---|---|
| **(च) मोटर साइकल तथा स्कुटर** | |
| (अ) १२५ सी.सी. सम्मको | २,६००/– |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | ४,२००/– |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | ८,४००/– |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | १६,०००/– |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः–** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर (रू)** |
| (अ) १३०० सी.सी.सम्म | ८,४००।- |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | ९,५००।- |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | ११,५००।- |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | १३,५००।- |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | १५,८००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | १७,८००।- |
| (ग), थ्री ह्वीलर र टेम्पो | ४,२००।- |
| (घ) ट्रेक्टर | २,६००।- |
| (ङ) पावर टिलर | २,१००।- |
| (च) मिनीट्रक, मिनीबस | १२,६००।- |
| (छ) मिनी ट्रिपर | १४,७००।- |
| (ज) ट्रक, बस | १६,८००।- |
| (झ) तेल टयांकर, ग्यौंस बुलेट | १२,६००।- |

३. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ।

४. बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा २० प्रतिशत छुट हुनेछ।

५. सुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन।

६. सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी संघ, प्रदेश र स्थानीय सरकारले ठहर्‍याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन।

७. भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा ६० प्रतिशत छुट पाउनेछन्।

८. जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रूपमा ५ वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन्। यसरी अग्रिम रूपमा ५ बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा १० प्रतिशत छुट हुनेछ।

९. सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका २० वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन।

१०. दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन।

११. १० लाख रूपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ।

१२. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन।

१३. नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन।

१४. गण्डकी प्रदेश बाहेक अन्य प्रदेशमा दर्ता नवीकरण भएका सवारी साधन २०७८ असार मसान्तसम्म गण्डकी प्रदेशमा स्थानान्तरण गर्न चाहेमा दर्ता शुल्कमा ७५ प्रतिशत र पहिलो वर्षको नवीकरण शुल्कमा ५० प्रतिशत छुट दिइनेछ।

ख. <u>सवारी चालक आवेदन दस्तुर, अनुमतिपत्र र नवीकरण दस्तुरः</u>

| १. सवारी चालक आवेदन दस्तुर, अनुमतिपत्र र नवीकरण दस्तुर | | | |
|---|---|---|---|
| सवारीको किसिम/वर्ग | आवेदन दस्तुर (रू.) | सवारी चालक अनुमतिपत्र दस्तुर (रू.) | नवीकरण दस्तुर (रू.) |
| मोटर साईकल/स्कुटर / मोपेड | ५००/- | १,५००/- | १,५००/- |
| कार,जीप पावर टेलर | ५००/- | २,०००/- | २,०००/- |
| टेक्टर | ५००/- | २,५००/- | २,५००/- |
| मिनीवस/ट्रक थप | ५००/- | ५००/- | २,५००/- |
| ट्रक/बस,लहरी थप | ५००/- | १,०००/- | ३,०००/- |
| H1,H2,H3,I1,I2,I3, J1,J2,J3,J4,J5 | ५००/- | ३,०००/- | ३,०००/- |
| H1,H2,H3,I1,I2,I3, J1,J2,J3,J4,J5 थप | ५००/- | १,०००/- | ३,०००/- |
| प्रमाणीकरण | १,०००/- | | |

एउटै दरखास्तबाट एकभन्दा बढी किसिमका सवारी चलाउन इजाजतको लागि दरखास्त दिन चाहेको हकमा जति किसिमको सवारी चलाउने इजाजतको लागि दरखास्त दिएको हो सोको छुट्टाछुट्टै दस्तुर लाग्नेछ।

| २.बाटो इजाजत पत्र दस्तुर र नवीकरण (सार्वजनिक सवारी साधनलाई मात्र लाग्ने) | | | |
|---|---|---|---|
| क्र. स. | बाटो दुरी (कि.मि) | सवारीको वर्गीकरण र दस्तुर | |
| | | ठूला र मझौला बस मिनिवस आदि (रू.) | ठूला र मझौला ट्रक मिनिट्रक आदि (रू.) |
| १ | १ देखि ५० कि.मि.सम्म | ८५०/- | १,०००/- |

| | | | |
|---|---|---|---|
| २ | ५१ देखि १०० कि.मि.सम्म | १,०००/- | १,१५०/- |
| ३ | १०१ देखि १५० कि.मि.सम्म | १,३५०/- | १,५००/- |
| ४ | १५१ देखि २०० कि.मि.सम्म | १,५००/- | १,८००/- |
| ५ | २०१ देखि २५० कि.मि.सम्म | १,६५०/- | १,९५०/- |
| ६ | २५१ देखि ३०० कि.मि.सम्म | १,९५०/- | २,२५०/- |
| ७ | ३०१ देखि ३५० कि.मि.सम्म | २,१००/- | २,४००/- |
| ८ | ३५१ देखि ४०० कि.मि.सम्म | २,२५०/- | २,५५०/- |
| ९ | ४०१ देखि ४५० कि.मि.सम्म | २,५००/- | २,७००/- |
| १० | ४५१देखि ५०० कि.मि.सम्म | २,८००/- | ३,१५०/- |
| ११ | ५०१देखि ५५० कि.मि.सम्म | ३,१५०/- | ३,४५०/- |
| १२ | ५५१देखि ६०० कि.मि.सम्म | ३,४५०/- | ३,६००/- |
| १३ | ६०१देखि ६५० कि.मि.सम्म | ३,७५०/- | ३,९००/- |
| १४ | ६५१देखि ७०० कि.मि.सम्म | ४,०५०/- | ४,३५०/- |
| १५ | ७०१ कि.मि.भन्दा माथि जतिसुकै | ४,६५०/- | ५,२५०/- |

**३. बाटो इजाजत पत्र दस्तुर र नवीकरण (पाँच सिटदेखि चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारी साधनलाई मात्र लागने)**

| क .सं. | बाटो दुरी (कि.मी.) | बाटो इजाजत दस्तुर (रू.) |
|---|---|---|
| १ | १ देखि ५० कि.मि.सम्म | ७००/- |
| २ | ५१ देखि १०० कि.मि.सम्म | ८५०/- |
| ३ | १०१ देखि १५० कि.मि.सम्म | १,०००/- |
| ४ | १५१ देखि २५० कि.मि.सम्म | १,१५०/- |
| ५ | २५१ देखि ३०० कि.मि.सम्म | १,३००/- |

| ४. तोकिएको निश्चित बाटो (रूट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने बाटो इजाजत दस्तुरः | | |
|---|---|---|
| **क्र. स.** | **सवारीको बर्गीकरण** | **बाटो इजाजत दस्तुर (रू.)** |
| १ | १४ सिट वा सो भन्दा मुनिका (मोटरवाला बाहेक) हलुका सवारी र एक टनसम्म क्षमता भएका ट्याक्टर, पावलटिलर | ८५०/- |
| २ | मिटर भएको ट्याक्सी | ८५०/- |
| ३ | मिटर भएको ट्याम्पो | ७००/- |

## ५. जाँचपास प्रमाणपत्र दस्तुर

| क्र सं | सवारी वर्गीकरण | दस्तुर रू. |
|---|---|---|
| १ | ठूला सवारी | ५००/- |
| २ | मझौला सवारी र साना सवारी | ४००/- |

स्पष्टीकरण: पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सरह लाग्नेछ।

## ६. सवारी दर्ता र सवारी सरुवा दर्ता दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर रु. |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | १,५००/- |
| | | सार्वजनिक | २,५००/- |
| २ | मझौला सवारी | निजी | १,०००/- |
| | | सार्वजनिक | १,५००/- |
| ३ | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | |
| | | निजी | ८००/- |
| | | सार्वजनिक | १,४००/- |

| | | | |
|---|---|---|---|
| | | ख. मोटर साइकल /स्कुटर | |
| | | निजी | ३००/- |
| | | सार्वजनिक | ५००/- |

स्पष्टीकरण :पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सरह लाग्नेछ।

## ७. सवारीको अस्थायी दर्ता दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर (रू.) |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | ८००/- |
| | | सार्वजनिक | १,५००/- |
| २ | मझौला सवारी | निजी | ६००/- |
| | | सार्वजनिक | १०००/- |
| ३ | साना सवारी | | |
| | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | | |
| | | निजी | ५००/- |
| | | सार्वजनिक | ८००/- |
| | ख. मोटर साइकल /स्कुटर | | |
| | | निजी | २००/- |
| | | सार्वजनिक | ३००/- |

स्पष्टीकरणः पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सरह लाग्नेछ।

## ८. विदेशमा दर्ता भएको सवारी चलाउने अनुमति पत्रको दस्तुरः

| क्र.सं. | सवारी वर्गीकरण | दस्तुर (रू.) |
|---|---|---|
| १ | ठूला सवारी र मझौला सवारी | १,५००/- |
| २ | साना सवारी | ५००/- |

**९. दर्ता प्रमाणपत्र नवीकरण दस्तुरः**

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर (रू.) |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | २००/- |
| | | सार्वजनिक | ८००/- |
| २ | मझौला सवारी | निजी | ३००/- |
| | | सार्वजनिक | ५००/- |
| ३ | साना सवारी | | |
| | कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | | |
| | | निजी | २००/- |
| | | सार्वजनिक | ३००/- |
| | ख)मोटर साइकल /स्कुटर | | |
| | | निजी | १००/- |
| | | सार्वजनिक | २००/- |

स्पष्टीकरण: पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सरह लाग्नेछ।

**१०. सवारीको नामसारी र सवारी धनीको मृत्यु भएको सवारी नामसारी दस्तुरः**

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर (रू.) |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | ८००/- |
| | | सार्वजनिक | १,५००/- |
| २ | मझौला सवारी | निजी | ६००/- |
| | | सार्वजनिक | १,०००/- |
| ३ | साना सवारी | | |
| | कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | | |
| | | निजी | ५००/- |
| | | सार्वजनिक | ८००/- |

| | | | |
|---|---|---|---|
| | ख) मोटर साइकल /स्कुटर | | |
| | | निजी | २००/- |
| | | सार्वजनिक | ३००/- |

स्पष्टीकरण: पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सरह लाग्नेछ।

## ११. यातायात सेवाको नाम पञ्जिकरण दस्तुरः

| क सं | पूँजी | दस्तुर (रू.) |
|---|---|---|
| १ | रू. १५ लाखसम्म | १,०००/- |
| २ | रू.१५ लाखदेखि रू. ५० लाखसम्म | २,५००/- |
| ३ | रू. ५० लाखभन्दा बढी जतिसुकै | ४,०००/- |

## १२. यातायात सेवा सञ्चालन गर्ने नवीकरण दस्तुरः

| क्र. सं. | पूँजी | दस्तुर (रू.) |
|---|---|---|
| १ | रू. १५ लाखसम्म | १,०००/- |
| २ | रू.१५ लाखदेखि रू. ५० लाखसम्म | ३,०००/- |
| ३ | रू. ५० लाखभन्दा बढी जतिसुकै | ५,०००/- |

## १३. सवारी साधन चालक प्रशिक्षण केन्द्र, कारखाना र वर्कसप सञ्चालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुरः

| क्र.सं. | सवारी वर्गीकरण | अनुमति पत्र दस्तुर (रू.) | नवीकरण दस्तुर (रू.) |
|---|---|---|---|
| १ | मोटर साइकल, स्कुटर र मोपेड | ५,०००/- | ३,०००/- |
| २ | तीन पाङ्ग्रे वा चार पाङ्ग्रे साना सवारी (टेम्पो, कार, जीप तथा भ्यान), | ७,०००/- | ५,०००/- |

| | | | |
|---|---|---|---|
| ३ | ठूला तथा मझौला सवारी<br>(ट्रक तथा बस, मिनिबस तथा मिनिट्रक र माइक्रोबस) | ९,०००/- | ७,०००/- |
| ४ | हेभी इक्वेप्मेन्ट<br>(रोलर, डोजर, एक्साभेटर, लोडर, क्रेन तथा अन्य निर्माण कार्यमा प्रयोग हुने सवारी) | ११,०००/- | ९,०००/- |

स्पष्टीकरण: एकभन्दा बढी वर्गीकरणका सवारी साधन सम्बन्धी प्रशिक्षण केन्द्र, कारखाना र वर्कसप सञ्चालन गर्दाको हकमा जुन बढी हुन आउँछ सोही वर्गीकरणमा परेको सवारी साधनको दस्तुर लाग्नेछ।

## १४. सवारी साधन बिक्री शोरुम र रिकन्डिशन हाउस सञ्चालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुरः

| क्र.सं. | स्थिर पुँजी | अनुमति पत्र दस्तुर (रू.) | नवीकरण दस्तुर (रू.) |
|---|---|---|---|
| १ | रू. ३ करोड सम्म (साना उद्योग) | ७,०००/- | ३,५००/- |
| २ | रू. ३ करोडदेखि १० करोडसम्म (मझौला उद्योग) | १०,०००/- | ५,०००/- |
| ३ | रू. १० करोडदेखि माथि (ठूला उद्योग) | ३०,०००/- | १५,०००/- |

## १५. विदेशमा दर्ता भएका सवारी साधनलाई गण्डकी प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो (रुट) इजाजत दस्तुरः

| क्र.सं. | सवारीको किसिम | सात दिनसम्म प्रतिदिन लाग्ने दस्तुर (रू.) | सात दिन भन्दा बढी प्रति महिना लाग्ने थप दस्तुर (रू.) |
|---|---|---|---|
| १ | साना सवारी साधन | ५००/- | १,५००/- |
| २ | मझौला सवारी साधन | १,५००/- | २,५००/- |
| ३ | ठूला सवारी साधन | ३,०००/- | ३,५००/- |

१६. बाटो इजाजत पत्रको म्याद समाप्त भएको मितिले १५ दिनसम्म नवीकरण दस्तुर मात्र लिइ त्यसभन्दा पछाडि ३० दिनसम्म अर्थात सुरु मितिबाट ४५ दिनसम्म दोब्बर दस्तुर लगाई नवीकरण गर्नुपर्नेछ। त्यसपछि सुरुदेखि पहिलो ६ महिनासम्म नवीकरण फेल भएको अवस्थामा बाटो इजाजत दस्तुरको तेब्बर र जरिवानावापत थप रू. ३,०००/- (तीन हजार) र त्यसपछाडि प्रत्येक ६ महिनाको लागि एकपटकमा लाग्ने बाटो इजाजत दस्तुर थप गरी बाटो इजाजत पत्रको नवीकरण गर्नुपर्नेछ।

१७. पटके बाटो प्रति ५० कि.मि.को लागि इजाजत दस्तुर रू. १००/-, सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर रू. ५००/-, जाँचपास प्रमाणपत्रको प्रतिलिपी दस्तुर रू. ५००/-, बाटो (रुट) प्रमाण पत्रको प्रतिलिपि दस्तुर रू. २००/-, प्रदुषण स्टिकर दस्तुर रू. १००/- र नेपालमा कायम भएको बाटोमा सञ्चालन गर्ने ठूला तथा मझौला, पर्यटक सवारी, संस्थानका सवारी र भाडाका ट्रकमा राष्ट्रव्यापी बाटो इजाजत (National Permit) दस्तुर रू. १०,०००/-लाग्नेछ।

१८. सवारी साधन कर सबै सवारीधनीले प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा सवारी दर्ता किताब नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद समाप्त भएको मितिले ९० दिन भित्र बुझाइसक्नुपर्नेछ। सो म्यादभित्र सवारी साधन कर नबुझाउने सवारी धनीसँग म्याद नाघेको पहिलो ३० दिनसम्मलाई सवारी साधन कर रकमको ५ प्रतिशतका दरले, त्यसपछिको ४५ दिनसम्मलाई कर रकमको १० प्रतिशतका दरले र त्यसपछि आर्थिक वर्षको अन्त्यसम्मलाई २० प्रतिशतका दरले जरिवानासमेत लिई सवारी साधन कर दाखिला गराउनुपर्नेछ। आर्थिक बर्ष भुक्तान भइसक्दापनि सवारी साधन कर दाखिला नगर्ने सवारी धनीहरूसँग सवारी साधन करमा ३२ प्रतिशतका दरले जरिवानासमेत लिई सवारी साधन कर असुल गर्नुपर्नेछ।

१९. गण्डकी प्रदेश अन्तर्गत यातायात ब्यवस्था कार्यालय र सेवा कार्यालय नभएका जिल्लाहरूमा जिल्लास्थित पुर्वाधार विकास कार्यालयले अस्थायी पटके बाटो इजाजत (रुट परमिट) जारी गर्न सक्नेछ। जारी गर्दा लाग्ने राजस्व रकमको रेकर्ड राखी जारी भएको दिनको भोलिपल्ट अनिवार्य रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको वाणिज्य बैंकमा राजस्व रकम दाखिल गर्नु पर्नेछ।

## अनुसूची– ३

(दफा ४ सँग सम्बन्धित)

**मनोरञ्जन कर**

| सि.नं. | शीर्षक | महानगरपालिका | नगरपालिका | गाउँपालिका |
|---|---|---|---|---|
| १. | चलचित्र घर | प्रवेश शुल्कमा ५% | प्रवेश शुल्कमा ५% | प्रवेश शुल्कमा ५% |
| २ | प्रवेश शुल्क लिई सञ्चालन गरिने मेला-महोत्सव, सर्कस, कन्सर्ट, साँस्कृतिक कार्यक्रम, खेलकुद, प्रर्दशनी आदि। | प्रवेश शुल्कमा ५% | प्रवेश शुल्कमा ५% | प्रवेश शुल्कमा ५% |

## अनुसूची–४

(दफा ६ सँग सम्बन्धित)

### कृषि आयमा कर

प्राकृतिक व्यक्तिले प्रारम्भिक कृषि उपजको उत्पादनबाट प्राप्त आयमा देहाय बमोजिम कर लाग्नेछः

१. वार्षिक १० लाख रूपैंयाँसम्मको आयमा कर लाग्ने छैन।

२. त्यसपछिको २० लाख रूपैंयाँसम्मको आयमा १ प्रतिशतका दरले कर लाग्नेछ।

३. २० लाखभन्दा माथि जतिसुकै आय भए पनि २ प्रतिशतका दरले कर लाग्नेछ।

४. वार्षिक १० लाख रुपैंयाभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र सम्बन्धित केन्द्रमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेश गर्नुपर्नेछ। यसरी पेश हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण सम्बन्धित केन्द्रले अर्को महिनाको ३० गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा दिनुपर्नेछ।

५. तोकिएको समयभन्दा ढिला विवरण पेश गरेमा लाग्ने करको वार्षिक १५ प्रतिशतका दरले व्याज लाग्नेछ।

## अनुसूची– ५

(दफा ७ सँग सम्बन्धित)

### पर्यटन शुल्क

देहायका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा देहाय अनुसार शुल्क लाग्नेछः

| सि.नं. | शीर्षक | दर |
|---|---|---|
| १. | प्राचीन स्मारक तथा पुरातात्विक सम्पदा र संग्रहालय | विदेशी तथा स्वदेशी पर्यटकलाई लाग्ने प्रवेश शुल्कको ५ प्रतिशत। |
| २. | पदमार्ग | सार्क मुलुकका पर्यटकका लागि यु.एस. डलर ५ वा सो बराबर परिवर्तीय नेपाली मुद्रा र अन्य मुलुकका पर्यटकका लागि यु.एस. डलर १० वा सो बराबर परिवर्तीय नेपाली मुद्रा। |
| ३. | वन क्षेत्र तथा तालतलैया, गुफा, पार्क, पिकनिक स्थल, भ्यू टावर, संरक्षण क्षेत्र, शिकार आरक्ष | विदेशी तथा स्वदेशी पर्यटकलाई प्रवेश शुल्कको ५ प्रतिशत |
| ४. | पर्यटकीय हवाई चार्टर्ड उडान, प्याराग्लाण्डिङ, अल्ट्रालाइट, बञ्जीजम्पिङ्, केबलकार, जीपफ्लायर, रक क्लाइम्बिङ, नौका विहार र क्यानोनिङ | विदेशी तथा स्वदेशी पर्यटकलाई लाग्ने शुल्कको ५ प्रतिशत |
| ५. | पर्यटक सेवा शुल्क | प्रदेश सरकारले पर्यटक सेवा सूचना केन्द्र स्थापना गरी उपलब्ध गराउने सेवामा विदेशी पर्यटकको हकमा प्रति पर्यटक १ हजार रूपैयाँ र स्वदेशी पर्यटकलाई २ सय रूपैयाँका दरले सेवा शुल्क लाग्नेछ। |

## अनुसूची– ६

(दफा ८ सँग सम्बन्धित)

रोडा, गेग्रान, स्लेट ढुङ्गा, गिटी ढुङ्गा, चट्टान ढुङ्गा, कटिङ्ग ढुङ्गा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुङ्गा, नदी, खोलाले बगाएर ल्याएको काठ, कुकाठ र दाउरा-जराजुरी जस्ता दहत्तर-बहत्तर र खानी तथा नदीजन्य पदार्थमा देहाय बमोजिमको शुल्क लगाई असुल उपर गरिनेछः

| सि.नं. | शीर्षक | इकाई | दर (रू.) |
|---|---|---|---|
| १. | रोडा, गेग्रान | प्रति क्यू. फिट | ७ |
| २. | स्लेट ढुङ्गा | प्रति क्यू. फिट | ७ |
| ३. | गिटी ढुङ्गा | प्रति क्यू. फिट | ७ |
| ४. | चट्टान ढुङ्गा | प्रति क्यू. फिट | ७ |
| ५. | कटिङ्ग ढुङ्गा | प्रति क्यू. फिट | ७ |
| ६. | चिप्स | प्रति क्यू. फिट | ७ |
| ७. | इट्टा पार्ने माटो | प्रति क्यू. फिट | ३ |
| ८. | अन्य साधारण माटो | प्रति क्यू. फिट | २ |
| ९. | बालुवा | प्रति क्यू. फिट | ७ |
| १०. | चुनढुङ्गा | प्रति क्यू. फिट | १० |
| ११. | नदी तथा खोलाले बगाएर ल्याएको काठ | प्रति क्यू. फिट | ३०० |
| १२. | नदी तथा खोलाले बगाएर ल्याएको कुकाठ | प्रति क्यू. फिट | ५० |
| १३. | नदी तथा खोलाले बगाएर ल्याएको दाउरा जराजुरी | प्रति किलोग्राम | ४ |

(अ) "दहत्तर - बहत्तर" भन्नाले नदी खोल्सा खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा संकलन गरिने बहुमूल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्त्वका शालिग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका नदीले बगाई ल्याएको

वा थिग्रिएको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, काठ, कुकाठ, दाउरा, जराजुरी जस्ता नदीजन्य तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ।

(आ) ढुङ्गा, गिट्टी, बालुवा, क्रसर, इट्टा, स्लेट तथा चुनढुङ्गा उद्योग/व्यवसायहरू विधिपूर्वक दर्ता र नवीकरण गरी अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा समेत दर्ता भई कारोवार गरेको हुनु पर्नेछ। विभिन्न आयोजनाका नाममा खोलिएका यस्ता उद्योग/व्यवसायले सम्बन्धित आयोजनामा बाहेक अन्यत्र बिक्री वितरण गर्न पाउने छैन।

(इ) क्यू. फिट बाहेक अन्य इकाईमा कारोवार भएमा कारोवार भएको इकाईलाई क्यू. फिटमा परिवर्तन गरी गणना गर्न सकिनेछ।

प्रमाणीकरण मितिः २०७७/०३/२६

**आज्ञाले,**
**किरणराज शर्मा**
**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु ५०।-